# माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:१० संख्या: ३ मिति: २०८३/०४/०१

भाग १

माण्डवी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र माण्डवी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमका ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं. २

## माण्डवी गाउँपालिकाको विनियोजन ऐन , २०८३

# माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम माण्डवी गाउँसभाले यो ऐन  बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "**माण्डवी गाउँपालिकाको विनियोजन ऐन , २०८३**" रहेको छ।

(२) यो ऐन २०८३ साउन १ गते देखि प्रारम्भ हुनेछ।

**२. आर्थिक बर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च,समपुरक कोष, विषेश कोष र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४४,५१,४०,१३०  (अक्षरुपी रु चौवालिस  करोड एकाउन्न लाख चालिस  हजार एक सय तिस  मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस विधेयक सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त माण्डवी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची–१
(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम** **रु. हजारमा**

| क्र.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | संञ्चित कोषमा प्राप्त हुने अनुमानित रकम | | | | | |
| 1. | | माण्डवी गाउँपालिका | ९६२१४ | ९४६५२ | ० | १९०८६६ |
| 2. | | माण्डवी गाउँपालिका वडा नं.१ | ६१० | ३७९० | | ४४०० |
| 3. | | माण्डवी गाउँपालिका वडा नं.२ | ९५० | २७०० | | ३६५० |

माण्डवी गाउँपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 4. | | माण्डवी गाउँपालिका वडा नं.३ | २५० | २७५० | | ३००० |
| 5. | | माण्डवी गाउँपालिका वडा नं.४ | ० | ४०५० | | ४०५० |
| 6. | | माण्डवी गाउँपालिका वडा नं.५ | ६५० | ३०५० | | ३७०० |
| 7. | | माण्डवी गाउँपालिका-शिक्षा शाखा | २२०२३ | २००० | ० | २४०२३ |
| 8. | | माण्डवी गाउँपालिका-स्वास्थ्य शाखा | ७८५० | ५०० | ० | ८३५० |
| 9. | | माण्डवी गाउँपालिका-महिला विकास शाखा | १५०० | ० | ० | १५०० |
| 10. | | माण्डवी गाउँपालिका-पशु सेवा शाखा | १७५० | ० | ० | १७५० |
| 11. | | माण्डवी गाउँपालिका-कृषि शाखा | ३०५० | ० | ० | ३०५० |
| 12. | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १७१६०० | ५००० | ० | १७६६०० |
| 13. | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ० | १०००० | ० | १०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 14. | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २००० | ८२०० | ० | १०२०० |
| | **कुल जम्मा** | | **३०८४८७** | **१३६६९२** | **०** | **४४५१४०** |
| संचितकोषबाट खर्च हुने रु चौवालिस करोड एकाउन्न लाख चालिस हजार एक सय तिस रुपैयाँ मात्र | | | | | | |

**प्रमाणीकरण मिति :२०८३/०४/०१**

**आज्ञाले,**
**भिमकान्त भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**